जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २५७ • २०८३ असार २३ गते मंगलवार • 7 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## बलवा नगरपालिका 'साक्षर नगरपालिका' घोषणा ९६.४३ नागरिक साक्षर

मो. इर्शाद
जनकपुरधाम, २२ असार




महोत्तरीको बलवा नगरपालिका 'साक्षर नगरपालिका' घोषणा भएको छ । १५ देखि ६० वर्ष उमेर समूहका २८ हजार ११९ जनामध्ये २७ हजार ११५ जना (९६.४३ प्रतिशत) साक्षर भएपछि नगरपालिकालाई औपचारिक रूपमा साक्षर घोषणा गरिएको हो ।

नगरपालिकाको आयोजनामा आइतबार आयोजित कार्यक्रममा पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य सुरीता साहले घोषणा-पत्र वाचन गर्दै नगर प्रमुख रामविजय महतोलाई हस्तान्तरण सहित बलवा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्नुभयो । साक्षरता अभियान रतौली युवा क्लबको सहजीकरण, सेभ द चिल्ड्रेनको आर्थिक सहयोग तथा आसमान नेपालको प्राविधिक सहयोगमा सञ्चालन गरिएको थियो। अभियानअन्तर्गत नगरपालिकाका २४ वटै विद्यालयका शिक्षक तथा माध्यमिक तहका विद्यार्थी समुदायमा परिचालित भई निरक्षर नागरिकलाई साक्षर बनाउने कार्यमा सक्रिय भएका थिए। नगरपालिकाले सबै वडामा निरक्षरको तथ्याङ्क सङ्कलन गरी सोही आधारमा सिकाइ कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

साक्षर घोषणा गर्न आवश्यक १२ सूचकमध्ये कम्तीमा ६ सूचक पूरा गर्नुपर्ने मापदण्डअनुसार शिक्षकको निर्देशन र निगरानीमा विद्यार्थीहरूले समुदायमै पुगेर निरक्षर नागरिकलाई पढाउने कार्य गरेका थिए। सबै मापदण्ड पूरा भएपछि वडाहरूलाई क्रमश: साक्षर घोषणा गर्दै अन्तत: नगरपालिकालाई साक्षर घोषणा गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि सुरीता साहले शिक्षाको विकासका लागि नगरपालिकाले गरेको प्रयास प्रशंसनीय रहेको बताउँदै आगामी दिनमा पनि शैक्षिक गुणस्तर अभिवृद्धिमा निरन्तर लगानी र प्रतिबद्धता आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले शिक्षा नै समृद्ध समाज निर्माणको आधार भएकाले यस क्षेत्रमा थप प्राथमिकता दिन आग्रह गर्नुभयो । नगर प्रमुख राम विजय महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सुमनलाल कर्ण, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, उपप्रमुख रामदुलारी यादव देवी, प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, रतौली युवा क्लबका कार्यकारी निर्देशक बैद्यनाथ चौधरी, सेभ द चिल्ड्रेनका कन्स्ट्रक्सन संयोजक श्याम कुमार चौधरी तथा विभिन्न सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी, पत्रकार र सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रममा शिक्षा शाखा प्रमुख राज किशोर झाको नेतृत्व र सक्रियताको विशेष प्रशंसा गरिएको थियो। नगर प्रमुखसहित वक्ताहरूले उहाँको अथक प्रयासले साक्षरता अभियानलाई सफल बनाउन महत्वपूर्ण योगदान पुगेको उल्लेख गरे । यस अवसरमा अभियानमा योगदान पुऱ्याएका विद्यालय, रतौली युवा क्लब, आसमान नेपाल, सेभ द चिल्ड्रेन, पत्रकार, जनप्रतिनिधि तथा विभिन्न क्षेत्रका ७७ जनालाई कदरपत्र तथा प्रमाणपत्र प्रदान गरिएको थियो। साथै अभियानमा सक्रिय १४० जना विद्यार्थीलाई पनि प्रमाणपत्रसहित सम्मान गरियो । घोषणापछि सहभागीहरूले साक्षरताको दिगोपनाप्रति प्रतिबद्धता जनाउँदै प्रतिबद्धता-ब्यानरमा हस्ताक्षर गरेका थिए ।

अभियान सफल बनाउन रतौली युवा क्लबका वरिष्ठ परियोजना संयोजक बिनोद साह, शिक्षा अधिकृत कञ्चन साह, कल्पना साह सोनार, शिवशंकर चौधरी, गोविन्दलाल कर्ण र सोनु कुमार साह, आसमान नेपालका शिक्षा प्राविधिक संयोजक सत्यकुमार महतो तथा सेभ द चिल्ड्रेनका पुष्कर काफ्ले र असबिर सारूले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

## नेपाल नगरपालिका संघको मधेश प्रदेश समितिको संयोजकमा साह मनोनित

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ असार



जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह नेपाल नगरपालिका संघको मधेश प्रदेश समितिको संयोजकमा मनोनित भएका छन् ।

संघको कार्यसमिति बैठकको निर्णयअनुसार उनलाई उक्त जिम्मेवारी प्रदान गरिएको हो । नेपाल नगरपालिका संघले सोमबार जारी गरेको पत्रमार्फत असार १५ गते बसेको कार्यसमिति बैठकको निर्णयअनुसार प्रमुख साहलाई मधेश प्रदेश समितिको संयोजक तथा संघको केन्द्रीय कार्यसमितिको पदेन सदस्यका रूपमा मनोनयन गरिएको जानकारी दिएको हो ।

संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाद्वारा हस्ताक्षरित पत्रमा प्रमुख साहलाई नयाँ जिम्मेवारीका लागि हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ । मनोनयनसँगै प्रमुख साहले मधेश प्रदेशका नगरपालिका तथा उपमहानगरपालिकाबीच समन्वय, स्थानीय सरकारका साझा मुद्दा उठान, नीति निर्माणमा सहकार्य तथा संघीय, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने जिम्मेवारी निर्वाह गर्ने विश्वास गरिएको छ ।

स्थानीय तहको क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा सुधार तथा नगरपालिकाहरूका साझा हितका विषयमा नेपाल नगरपालिका संघले विभिन्न तहका सरकारसँग समन्वय गर्दै आएको छ । प्रमुख साहको नेतृत्वमा मधेश प्रदेशका स्थानीय तहका समस्या, आवश्यकता र विकासका प्राथमिकताहरूलाई राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा उठान गर्न सहयोग पुग्ने विश्वास संघले व्यक्त गरेको छ ।






जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# उत्पादनमा अर्थनीति अँगाल्न जरुरी

*नेपालको सार्वजनिक ऋण अझै पनि नियन्त्रण रहेको देखिन्छ । बढ्दो ऋणलाई अनुत्पादक क्षेत्रमा खर्च गर्ने परिपाटी तत्काल अन्त्य हुनु आवश्यक रहेको देखिन्छ । कडा वित्तीय अनुशासन, कर प्रणालीमा सुधार र पुँजीगत खर्च क्षमता बढाउन सके मात्र यो ऋण देशको दीर्घकालीन समृद्धि र बलियो अर्थतन्त्र निर्माणको आधार बन्न सक्ने देखिन्छ । नेपालको सार्वजनिक ऋण हालको विन्दुसम्म अझै पनि नियन्त्रण र व्यवस्थापनको सीमाभित्रै रहेका छन । तर, चालू आर्थिक वर्षका लागि सरकारले तय गरेको ५४७ अर्ब रुपैयाँ थप ऋण लिने महत्वाकांक्षी योजना र २०८३ सालसम्म ऋण-जीडीपी अनुपात ५० प्रतिशत पुग्ने प्रक्षेपणले हामीलाई सचेत रहन घण्टी भने पक्कै बजाएको देखिन्छ । ऋण आफैंमा समस्या होइन, तर यसको अनुत्पादक र कमजोर व्यवस्थापन आर्थिक संकटको आमन्त्रण रहेका छन ।*

*यदि हामीले कडा वित्तीय अनुशासन, कर सुधार, भ्रष्टाचार नियन्त्रण र पुँजीगत खर्च गर्ने क्षमतामा गुणात्मक वृद्धि गर्न सक्यौं भने यो बढ्दो ऋण भार नेपालको दीर्घकालीन समृद्धि र दरिलो आर्थिक भविष्यका लागि एउटा बलियो प्रस्थान विन्दु बन्न सक्ने देखिन्छ । राज्यले अब उधारोको राजनीतिबाट माथि उठेर उत्पादनको अर्थनीति अँगाल्न आवश्यक रहेको देखिन्छ ।*

# राष्ट्रिय स्वतन्त्र पार्टीको विधानमा दुईभन्दा बढी वरिष्ठ नेता हुने प्रावधान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ असार**

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको विधानले दुईभन्दा बढी वरिष्ठ नेता हुने प्रावधान राखेको छ । चितवनमा सम्पन्न पहिलो राष्ट्रिय महाधिवेशनबाट पारित विधानले दुई वा दुईभन्दा बढी वरिष्ठ नेता हुनसक्ने प्रावधान राखेको हो ।





रास्वपाको पहिलो महाधिवेशन ७ देखि १२ असारसम्म चितवनमा भएको थियो । रास्वपाको विधान सोमबारमात्र पार्टीको वेबसाइटमार्फत सार्वजनिक भएको हो । यसअघि यो विधान सार्वजनिक गरिएको थिएन । रास्वपाको विधानमा पहिलोपटक वरिष्ठ नेताको व्यवस्था गरिएको हो । विधानको दफा ११ मा पदाधिकारीको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । वरिष्ठ नेतालाई पार्टी पदाधिकारीको सूचीमा राखिएको छ । दफा ११ (ञ)मा 'वरिष्ठ नेता'को व्यवस्था गरिएको छ । पार्टी सभापतिको प्रस्तावमा वरिष्ठ नेतालाई केन्द्रीय समितिले मनोनीत गर्ने प्रावधान राखिएको छ । पार्टीका सम्पूर्ण औपचारिक कार्यक्रम र केन्द्रीय समितिमा दोस्रो वरीयतामा वरिष्ठ नेता रहने व्यवस्था गरिएको छ । 'बहु-वरिष्ठ नेताको वरीयता निर्धारण : मनोनित वरिष्ठ नेताहरूको संख्या दुई वा दुईभन्दा बढी भएको अवस्थामा निजहरूबीचको आपसी वरीयताक्रम केन्द्रीय समितिको निर्णय गरी निर्धारण गरेबमोजिम हुनेछ,' विधानमा लेखिएको छ ।

यस व्यवस्थाले रास्वपामा एकभन्दा बढी वरिष्ठ नेता हुने बाटो खुलेको हो । हाल पार्टीमा वालेन्द्र शाहलाई वरिष्ठ नेता बनाइएको छ । आगामी दिनमा आवश्यक परेको खण्डमा पार्टी सभापतिले अन्य नेतालाई पनि वरिष्ठ नेताको पदमा मनोनित गर्ने प्रस्ताव केन्द्रीय समितिमा लिन सक्नेछन् । गत १३ पुसमा रास्वपा सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका तत्कालिन मेयर वालेन्द्र शाहबीच ७ बुँदे सहमति भएको थियो । उक्त सहमतिअनुसार पार्टी सभापति लामिछाने र वरिष्ठ नेता शाहलाई तोकिएको थियो । सहमतिअनुसार वरिष्ठ नेताले सरकारको र सभापतिले पार्टीको नेतृत्व गर्ने तय भएको थियो ।

वरिष्ठ नेताको काम, कर्तव्य र अधिकार पनि विधानमा स्पष्ट पारिएको छ । रास्वपा विधानको व्यवस्थाअनुसार 'पार्टीको नीति निर्माण, सांगठनिक सञ्चालन र राष्ट्रिय राजनीतिका महत्त्वपूर्ण विषयहरूमा सभापति तथा केन्द्रीय समितिलाई आवश्यक सल्लाह, सुझाव प्रदान गर्ने' वरिष्ठ नेताको काम, कर्तव्य र अधिकार हुनेछ ।

# बजेटप्रति प्रतिपक्षी दलहरूले तीव्र असन्तुष्टि

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ असार**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटप्रति प्रतिपक्षी दलहरूले तीव्र असन्तुष्टि जनाएका छन्। जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीका प्रदेशसभा सदस्यहरूले आइतबार जनकपुरधाममा संयुक्त पत्रकार सम्मेलन गर्दै बजेट संघीयताको भावना, संविधानको मर्म तथा स्थापित विधि-प्रक्रियाविपरीत ल्याइएको आरोप लगाएका हुन् ।





जसपा संसदीय दलका नेता सरोजकुमार यादवले सरकारले व्यक्तिगत स्वार्थ र सीमित क्षेत्रलाई केन्द्रमा राखेर असन्तुलित बजेट ल्याएको दाबी गर्नुभयो। उहाँले गत वर्षझैँ यस वर्ष पनि बजेट निर्माण प्रक्रियामा पारदर्शिता र सन्तुलनको अभाव देखिएको टिप्पणी गर्दै प्रदेशको समग्र हितभन्दा निश्चित स्वार्थलाई प्राथमिकता दिइएको आरोप लगाउनुभयो । पूर्व मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार (सोनल) ले पनि बजेट संघीयताको मूल भावना र संविधानको उद्देश्यसँग मेल नखाने बताउनुभयो। उहाँले भन्नुभयो, "प्रदेशभर समान विकासको अवधारणालाई बेवास्ता गर्दै केही सीमित क्षेत्रलाई मात्र प्राथमिकतामा राखिएको छ ।" यस्तै जनमत पार्टीका नेता तथा प्रदेशसभा सदस्य चन्दनकुमार सिंहले नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) सम्मिलित सरकार संघीय संरचनालाई कमजोर बनाउने दिशामा अघि बढेको आरोप लगाउनुभयो । प्रस्तुत बजेटले प्रदेशको अधिकार, स्वायत्तता र संस्थागत विकासलाई कमजोर पार्ने संकेत गरेको उहाँको भनाइ थियो ।

पूर्व अर्थमन्त्री एवं प्रदेशसभा सदस्य संजयकुमार यादवले बजेट कार्यान्वयनमै प्रश्न उठाउँदै उपलब्ध स्रोत, योजना र कार्यान्वयन क्षमताबीच आवश्यक तालमेल नरहेको बताउनुभयो ।

**सूचना । सूचना ।। सूचना ।।।**

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं । राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**जनकपुरधाम धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः आम्दानी हुने
मिथूनः पिछडेको साथी मिल्न
कर्कटः खानपानमा समस्या आउने
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः अशुभ समाचार प्राप्त हुने
कूम्भः लामो यात्राको योग छ
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# एकल महिलाको स्वास्थ्य र सम्मानमा पानी फिल्टर वितरण




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ असार

अत्यधिक गर्मीका बीच एकल महिलाको स्वास्थ्य र सम्मानलाई मध्यनजर गर्दै जनकपुरधाम उपमहानगरपालिका -५ ले उनीहरूलाई पानी फिल्टर वितरण गरेको छ । वडा कार्यालयद्वारा आयोजित कार्यक्रममा वडाभित्रका एकल महिलालाई सम्मानसहित पानी फिल्टर हस्तान्तरण गरिएको हो ।

सुरक्षित र स्वच्छ खानेपानीको पहुँच बढाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै वडा नम्बर ५ का वडाध्यक्ष बेचन साहले महिला, ज्येष्ठ नागरिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको जीवनस्तर सुधार गर्न वडा निरन्तर सक्रिय रहेको बताए । उनले लक्षित वर्गका आवश्यकता अनुसार सामाजिक सुरक्षा तथा कल्याणका कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे । उनका अनुसार वडा कार्यालयले महिला सशक्तीकरण, सामाजिक समावेशीकरण तथा आधारभूत सेवामा पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले एकल महिलालाई सम्मान गर्दै गरिएको फिल्टर वितरण कार्यक्रम सकारात्मक पहल भएको बताए ।

उनले यस्ता सामाजिक कार्यक्रमसँगै युवालाई सीपमूलक तालिम, उद्यमशीलता विकास र स्वरोजगार प्रवर्द्धनका कार्यक्रम समेत अघि बढाउन सुझाव दिए । कार्यक्रममा वडा नम्बर ५ का पूर्व वडाध्यक्ष लक्ष्मी साह, समाजसेवी जगन्नाथ साह, स्थानीय जनप्रतिनिधि, समाजसेवी तथा वडावासीको उल्लेखनीय सहभागिता रहेको थियो । वडा कार्यालयले महिला, ज्येष्ठ नागरिक तथा अन्य लक्षित समुदायको हितलाई केन्द्रमा राखेर सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी ढंगले निरन्तरता दिइने जनाएको छ ।

# ३२८ परिवारलाई गाउँब्लक जग्गाको कानुनी स्वामित्वसहित लालपुर्जा वितरण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ असार

धनुषाको गणेशमान चारनाथ नगरपालिकामा वर्षौंदेखि भोगचलन गर्दै आएका ३२८ परिवारलाई गाउँब्लक जग्गाको कानुनी स्वामित्वसहित लालपुर्जा वितरण गरिएको छ ।

नापी कार्यालय धनुषाको आयोजनामा गणेशमान चारनाथ नगरपालिका-५, चिसापानीमा आयोजित कार्यक्रममा साबिक तल्लो गोदार गाविसका वडा नं. १ देखि ९ सम्मका तथा हालको नगरपालिका-५ र ६ अन्तर्गतका लाभग्राही परिवारलाई लालपुर्जा हस्तान्तरण गरिएको हो ।



नापी कार्यालय धनुषाका प्रमुख उमेश साहका अनुसार २०७० सालमै जग्गाको नापजाँच सम्पन्न भए पनि प्राविधिक तथा प्रशासनिक जटिलताका कारण लालपुर्जा वितरण प्रक्रिया लामो समयदेखि रोकिएको थियो । नापनक्सा, फिल्ड प्रमाणीकरण र आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि अहिले वितरण सम्भव भएको उनले बताए । प्रमुख साहले गाउँब्लक जग्गाको कानुनी स्वामित्व प्राप्त भएसँगै स्थानीयको आर्थिक अवस्था, बैंकिङ पहुँच र सम्पत्ति सुरक्षामा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरे ।

उनले अझै पनि कागजात अभाव वा प्राविधिक कारणले वञ्चित रहेका व्यक्तिहरूलाई आवश्यक प्रक्रिया पूरा गरी नापी कार्यालयमा सम्पर्क गर्न आग्रह गरे । नगर प्रमुख जितनारायण यादवले पुस्तौँदेखि भोगचलन हुँदै आएको जग्गालाई कानुनी रूपमा मान्यता दिन नगरपालिका निरन्तर सक्रिय रहेको उल्लेख गरे । उनले वडा कार्यालय र नापी कार्यालयबीचको समन्वयका कारण लामो समयदेखि रोकिएको लालपुर्जा वितरण सम्भव भएको बताए । नगर प्रमुख यादवले वञ्चित रहेका अन्य परिवारलाई पनि क्रमशः आवश्यक प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गरिने प्रतिबद्धता व्यक्त गरे ।

लालपुर्जा पाएपछि स्थानीय सुरेश रायले पुस्तौँदेखि भोगचलन गर्दै आएको जग्गाको कानुनी स्वामित्व पाउँदा खुसी व्यक्त गर्दै अब बैंकिङ कारोबार र अन्य कानुनी कामकाजमा सहज हुने बताए । कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष जयचन्द्र भट्टराई, वडा नं. ६ का वडाध्यक्ष रञ्जितकुमार साह, नापी कार्यालय धनुषाको टोली नं. १ का प्रमुख रञ्जित यादव, कर्मचारी, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# प्रसाईंद्वारा वर्तमान सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ असार

नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले वर्तमान सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै सिंहदरबारको प्रशासनिक तथा राजनीतिक प्रणाली सत्तामा रहेका नेतृत्वकै कारण कमजोर बनेको आरोप लगाएका छन् ।

पूर्वसांसद धवल शमशेर राणासँग जनकपुरधाम पुगेका प्रसाईंले सञ्चारकर्मीसँग कुराकानी गर्दै विगतमा राज्यका संरचनामाथि आक्रमण गर्ने प्रवृत्तिका व्यक्तिहरू नै अहिले सरकारको नेतृत्वमा पुगेकाले सिंहदरबारको प्रणाली नै प्रभावित भएको दाबी गरे ।



उनले वर्तमान शासनशैलीले मुलुकको प्रशासनिक संयन्त्र र सुशासनमा नकारात्मक असर परेको टिप्पणी गरे । सरकारले सय दिनको कार्यकाल पूरा गरिसकेको उल्लेख गर्दै प्रसाईंले आफ्नो अभियानले सरकारको कार्यसम्पादनबारे विस्तृत समीक्षा गर्ने तयारी गरिरहेको बताए । समीक्षा प्रतिवेदन भिडियोमार्फत सार्वजनिक गरिने जानकारी दिँदै उनले सरकारले गरेका काम र कमजोरीबारे जनतालाई जानकारी गराइने बताए । प्रसाईंले नेपालको विदेश नीतिसम्बन्धी विषयमा समेत प्रश्न उठाए । उनले पछिल्ला गतिविधिले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा असर पर्न सक्ने दाबी गर्दै राष्ट्रिय हितलाई केन्द्रमा राखेर कूटनीतिक नीति सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गरे । नेपालमा दलाई लामाको जन्मोत्सव मनाउन थालिएको विषय उल्लेख गर्दै उनले यसले अन्तर्राष्ट्रिय स्तरमा फरक सन्देश गएको आरोप लगाए ।

नागरिक बचाउ महाअभियान अन्तर्गत प्रसाईं मंगलबार जनकपुरधाममा कार्यकर्तासँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । यसका साथै उनले जानकी मन्दिरमा पूजा अर्चना गर्ने, नगर क्षेत्रमा जुलुस प्रदर्शन गर्ने तथा साँझ जानकी मन्दिर परिसरमा दीप प्रज्वलन कार्यक्रममा सहभागी हुने कार्यक्रम तय गरिएको जनाइएको छ । प्रसाईंले सरकारप्रति विभिन्न राजनीतिक, प्रशासनिक तथा कूटनीतिक विषयमा गम्भीर प्रश्न उठाएका भए पनि ती आरोपबारे सरकारको आधिकारिक प्रतिक्रिया भने सार्वजनिक भएको छैन ।

# कार्यालय प्रमुख र एक सवारी चालक पक्राउ

जलेश्वरटुडे समाचारदाता
सप्तरी, २२ असार




भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको इटहरी टोलीले छापा मार्दै कार्यालय प्रमुख र एक सवारी चालकलाई नियन्त्रणमा लिएको छ ।

पशुचौपाया तथा बाख्रामा लगाइने महामारीजन्य रोग विरुद्धको पिपिआर खोप कार्यक्रम अन्तर्गत भ्याक्सिनेटरहरूलाई दिइने भुक्तानीसँग सम्बन्धित विषयमा घुस मागिएको उजुरीपछि आयोगको टोली सोमबार कार्यालयमै पुगेर कारबाही गरेको हो । अख्तियारको प्रारम्भिक अनुसन्धान अनुसार भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कार्यालय प्रमुख रामपवित्र दासले भ्याक्सिनेटरहरूबाट भुक्तानी प्रक्रियामा २० देखि २५ प्रतिशतसम्म रकम घुसका रूपमा माग गरेको आरोप लागेको छ । सो क्रममा सवारी चालक भोगेन्द्र यादवलाई प्रयोग गरी फोनमार्फत दबाब दिने गरिएको समेत खुलेको बताइएको छ । भेटेनरी कार्यालयले भ्याक्सिनेटरहरूलाई पशुचौपायामा प्रति खोप १० रुपैयाँ र बाख्रामा प्रति खोप ५ रुपैयाँका दरले भुक्तानी गर्दै आएको छ ।

सूचना ! सूचना !! सूचना !!!

समयमै विद्युत महशुल तिरी अनावश्यक लाईन काटिने झण्झटबाट बचौं ।

बिद्युत चुहावट नियन्त्रण अभियानमा सहभागी बनौं ।

नेपाल विद्युत प्राधिकरण
जनकपुरधाम (क्याम्पस चौक) वितरण केन्द्र
मधेश प्रदेश, धनुषा

पर्यटनलाई प्रवर्द्धन गरौ

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको श्रोत पनि हुन । यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौ । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौ । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौ । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटनहरुसँग मैत्रीपूर्ण व्यवहार गरौ । पर्यटक हाम्रा पाहुना हुन । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौ ।

मधेश प्रदेश सरकार
उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम धनुषा

# बालेन्द्र शाह सरकारको सय दिन र मधेसको मौन प्रश्न

-थियो । धेरै युवाले, शिक्षित वर्गले, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकले र परम्परागत राजनीतिक विकल्पबाट निराश भएका मतदाताले नयाँ सम्भावनाको खोजीमा यो दललाई समर्थन गरेका थिए। उनीहरूले पुराना दलले पूरा गर्न नसकेका सपना नयाँ दलले पूरा गर्ने अपेक्षा गरेका थिए। तर जब उनीहरूकै क्षेत्रका नेताहरूले सार्वजनिक रूपमा आफूलाई बेवास्ता गरिएको अनुभूति व्यक्त गर्न थाले, तब स्वाभाविक रूपमा समर्थकहरू पनि प्रश्न गर्न थाले। चुनाव जित्नका लागि मधेस आवश्यक हुने तर निर्णय गर्ने बेला मधेसका आवाज कमजोर हुने हो भने त्यो राजनीतिक रूपमा दीर्घकालीन रणनीति बन्न सक्दैन। डा. भोगेन्द्र झाले व्यक्त गरेको अर्को महत्वपूर्ण पक्ष उत्पीडित समुदायको मनोविज्ञानसँग सम्बन्धित छ । कुनै पनि समुदायलाई अवसरबाट वञ्चित गरिएको अनुभूति हुन थाल्यो भने त्यो असन्तुष्टि केवल एउटा दलसँग सीमित रहँदैन, त्यसले सम्पूर्ण राजनीतिक प्रणालीप्रतिको विश्वास कमजोर बनाउँछ । लोकतन्त्रमा नागरिकको विश्वास सबैभन्दा ठूलो पूँजी हो। त्यो विश्वास कमजोर हुँदा राजनीतिक निराशा, वैकल्पिक अतिवादी सोच र संस्थाप्रतिको अविश्वास बढ्न सक्छ । त्यसैले समावेशी प्रतिनिधित्वलाई केवल राजनीतिक नारा नभई लोकतान्त्रिक स्थायित्वको आधारका रूपमा बुझ्न आवश्यक छ । अर्कोतर्फ, सरकारका समर्थकहरूले पनि केही महत्त्वपूर्ण तर्क प्रस्तुत गरिरहेका छन् । उनीहरूका अनुसार सय दिन अत्यन्त छोटो अवधि हो। यति छोटो समयमा दशकौँदेखिका समस्या समाधान हुने अपेक्षा गर्नु उचित होइन। सरकारलाई काम गर्न समय दिनुपर्छ। प्रशासनिक सुधारको प्रभाव देखिन समय लाग्छ। नीति निर्माण र कार्यान्वयनबीच स्वाभाविक रूपमा अन्तराल हुन्छ। संघीय संरचनामा अधिकार बाँडफाँट, कानुनी जटिलता, प्रशासनिक प्रक्रिया र स्रोत-साधनको सीमितताले पनि अपेक्षित गतिमा परिणाम आउन नसकेको हुन सक्छ। यी तर्कहरूलाई पनि पूर्ण रूपमा अस्वीकार गर्न मिल्दैन। तर यति स्वीकार्दै गर्दा अर्को सत्यलाई पनि नजरअन्दाज गर्न सकिँदैन कि राजनीति केवल समयको प्रश्न होइन, विश्वासको पनि प्रश्न हो । यदि जनताले सरकार सही दिशामा अघि बढिरहेको अनुभूति गरे भने उनीहरू धैर्य गर्न तयार हुन्छन्। तर यदि दिशा नै अस्पष्ट देखियो वा आफ्नै समर्थकहरू असन्तुष्ट देखिन थाले भने समयले मात्र सबै समस्या समाधान गर्दैन ।

यही सन्दर्भमा बालेन विमर्शको चर्चा पनि रोचक रूपमा अघि बढेको छ। पछिल्ला केही वर्षमा "बालेन" एउटा व्यक्तिको नामभन्दा बढी स्थापित राजनीतिक संस्कारविरुद्धको असन्तुष्टि, वैकल्पिक नेतृत्वको खोजी र परिणाममुखी शासनको आकांक्षाको प्रतीकका रूपमा स्थापित भएको छ। यही कारणले नयाँ राजनीतिक प्रयोगहरूलाई पनि धेरैले त्यही प्रतीकसँग जोडेर हेर्ने गरेका छन् । तर प्रतीकले चुनाव जिताउन सक्छ, संस्था सञ्चालन गर्न सक्दैन। संस्था सञ्चालन गर्न विधि, प्रक्रिया, संवाद, सामूहिक नेतृत्व, आलोचना सहने क्षमता र शक्ति बाँडफाँटको संस्कार आवश्यक हुन्छ। यदि कुनै राजनीतिक परियोजना अत्यधिक रूपमा व्यक्तिकेन्द्रित बन्न थाल्यो भने सुरुवाती लोकप्रियताले नै पछि संस्थागत कमजोरी लुकाउन सक्दैन। नेपालको राजनीतिक इतिहासमा व्यक्तिपूजाले संस्थालाई कमजोर बनाएका धेरै उदाहरण छन्। त्यसैले नयाँ राजनीतिक शक्तिले व्यक्तित्वको आकर्षणलाई संस्थागत संस्कारमा रूपान्तरण गर्न सकेन भने परिवर्तनको अभियान अधुरो रहनेछ । राजनीतिमा सबैभन्दा ठूलो परीक्षा चुनाव जित्नु होइन, चुनावपछि आफ्नै समर्थकको विश्वास जोगाइराख्नु हो। अहिले देखिएको बहस यही परीक्षाको प्रारम्भिक संकेत हो। सय दिनपछि सरकारसँग जनताले पूर्ण परिणामको अपेक्षा गरेका छैनन्, तर उनीहरूले स्पष्ट दिशा, समावेशी सोच, आलोचना सुन्ने संस्कार र सबै समुदायलाई समान सम्मान दिने व्यवहारको अपेक्षा भने अवश्य गरेका छन्। यही अपेक्षा पूरा भयो भने प्रारम्भिक असन्तुष्टिहरू संवादमार्फत समाधान हुन सक्छन् । तर यदि यी आवाजहरूलाई बेवास्ता गरियो भने सानो असन्तुष्टि समयसँगै गहिरो राजनीतिक संकटमा रूपान्तरण हुन पनि सक्छ । यही कारणले अहिलेको राजनीतिक अवस्थालाई केवल सरकारको सय दिनको समीक्षा भनेर मात्र हेर्नु पर्याप्त हुँदैन । यो वास्तवमा नयाँ राजनीतिक संस्कारको परीक्षा पनि हो । नेपालमा हरेक नयाँ राजनीतिक शक्ति उदाउँदा जनताले पुराना दलभन्दा फरक चरित्र, फरक कार्यशैली र फरक राजनीतिक संस्कारको अपेक्षा गर्छन् । चुनावी भाषणमा परिवर्तनको वाचा गर्नु सजिलो हुन्छ, तर त्यो वाचालाई संस्थागत व्यवहारमा रूपान्तरण गर्नु कठिन हुन्छ । नयाँ राजनीतिक शक्तिले आफ्नो सफलताको आधार केवल जनमतलाई होइन, जनविश्वासलाई बनाएको हुन्छ। जनमत चुनाव जित्नका लागि पर्याप्त हुन सक्छ, तर जनविश्वास कायम राख्न निरन्तर आत्मसमीक्षा, पारदर्शिता, समावेशी नेतृत्व र आलोचना सुन्ने संस्कार अपरिहार्य हुन्छ ।

आज मधेसबाट उठिरहेको असन्तुष्टिको आवाजलाई यही दृष्टिले बुझ्न आवश्यक छ। राजनीतिक दलहरू प्रायः बाह्य चुनौतीलाई आफ्नो मुख्य समस्या ठान्छन् । उनीहरू विपक्षी दल, सामाजिक सञ्जाल, सञ्चारमाध्यम वा आलोचकहरूलाई आफ्नो असहजताको कारण देख्छन्। तर इतिहासले देखाएको तथ्य फरक छ। धेरै राजनीतिक दल बाहिरी आक्रमणले होइन, भित्री असन्तुष्टिले कमजोर भएका छन्। संगठनभित्र विश्वास घट्दै जाँदा नेतृत्व र कार्यकर्ताबीच दूरी बढ्छ। निर्णय प्रक्रियामा केही सीमित व्यक्तिको प्रभाव बढ्दै जान्छ। आलोचनालाई अस्वीकार गर्ने प्रवृत्ति विकसित हुन्छ। त्यसपछि संगठनभित्र संवादको ठाउँ आरोप-प्रत्यारोपले लिन थाल्छ। अन्ततः बाहिर देखिने संकटभन्दा धेरै ठूलो संकट भित्रैबाट जन्मिन्छ। अहिले राष्ट्रिय स्वतन्त्र पार्टीभित्र मधेसका नेताहरूले व्यक्त गरेका धारणा पनि यही जोखिमतर्फ संकेत गरिरहेका छन्। यदि यी प्रश्नहरूलाई समयमै सम्बोधन गर्न सकियो भने पार्टी अझ परिपक्व बन्न सक्छ। यदि बेवास्ता गरियो भने आजको सामान्य देखिने असन्तुष्टि भोलिको गम्भीर राजनीतिक चुनौती बन्न सक्छ । यसबीच सरकारका सय दिनमा भएका सकारात्मक कामलाई पनि निष्पक्ष रूपमा मूल्याङ्कन गर्नुपर्छ। प्रशासनिक सुधारका संकेत, सेवा प्रवाहलाई छिटो बनाउने प्रयास, सरकारी संयन्त्रलाई उत्तरदायी बनाउने प्रतिबद्धता, डिजिटल प्रणालीको विस्तार, भ्रष्टाचारविरुद्ध कडा सार्वजनिक अभिव्यक्ति तथा केही नीतिगत सुधारका प्रयासलाई पूर्ण रूपमा अस्वीकार गर्नु न्यायोचित हुँदैन। जनताले पनि परिवर्तन एकै दिनमा सम्भव नहुने कुरा बुझेका छन्। तर उनीहरूले खोजेको कुरा परिणामभन्दा पहिले विश्वास हो। सरकार सही दिशामा अघि बढिरहेको अनुभूति भयो भने नागरिक धैर्य गर्न तयार हुन्छन्। तर यदि उपलब्धिको सूची सार्वजनिक भइरहँदा जनताको ठूलो हिस्साले आफूलाई उपेक्षित महसुस गर्न थाल्यो भने उपलब्धिको प्रभाव स्वतः कमजोर हुन्छ। त्यसैले सरकारका लागि सबैभन्दा महत्वपूर्ण चुनौती आफ्नो कामको प्रचार गर्नु मात्र होइन, आफ्नो निर्णयमा सबै समुदायको अपनत्व सुनिश्चित गर्नु पनि हो। मधेसको सन्दर्भमा यो प्रश्न अझ संवेदनशील छ। मधेस केवल नेपालको एउटा प्रदेश होइन; यो नेपालको राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक संरचनाको अत्यन्त महत्वपूर्ण आधार हो। सीमापार व्यापारदेखि कृषि उत्पादनसम्म, जनसांख्यिक विविधतादेखि राष्ट्रिय राजनीतिसम्म मधेसको भूमिका निर्णायक छ। यस्तो क्षेत्रका नागरिकले यदि आफूहरूलाई निर्णय प्रक्रियाबाट टाढा राखिएको अनुभूति गर्न थाले भने त्यसको असर केवल एउटा दलमा सीमित रहँदैन। त्यसले समग्र लोकतान्त्रिक प्रक्रियाप्रति विश्वास कमजोर पार्न सक्छ। यही कारणले मधेसका नेताहरूले उठाएका प्रश्नलाई पद वा अवसरको विवादका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन। यसलाई समावेशी लोकतन्त्रको गुणस्तरसँग जोडेर हेर्न आवश्यक छ ।

यस सन्दर्भमा सरकार र पार्टी दुवैले केही गम्भीर आत्मसमीक्षा गर्नुपर्ने देखिन्छ। पहिलो, निर्णय प्रक्रियालाई अझ बढी सामूहिक, पारदर्शी र सहभागितामूलक बनाउन आवश्यक छ। दोस्रो, मधेस, दलित, आदिवासी जनजाति, महिला, मुस्लिम तथा अन्य उत्पीडित समुदायको प्रतिनिधित्वलाई केवल औपचारिक उपस्थिति होइन, वास्तविक निर्णय गर्ने तहसम्म विस्तार गर्नुपर्छ। तेस्रो, पार्टीभित्र नियमित संवादको संस्थागत व्यवस्था निर्माण गर्नुपर्छ, जहाँ सांसद, नेता र कार्यकर्ताले आफ्ना असन्तुष्टि सार्वजनिक मञ्चमा पुग्नुअघि नै राख्न सकून्। चौथो, आलोचनालाई विरोध होइन, सुधारको स्रोतका रूपमा ग्रहण गर्ने राजनीतिक संस्कार विकास गर्नुपर्छ। पाँचौं, सरकारका उपलब्धि र कमजोरी दुवैलाई तथ्यका आधारमा सार्वजनिक गर्ने परिपाटी बसाल्नुपर्छ। आत्मप्रशंसाले केही समय समर्थकलाई सन्तुष्ट पार्न सक्छ, तर आत्ममूल्याङ्कनले मात्र दीर्घकालीन विश्वास निर्माण गर्छ। साथै, मधेसका सवाललाई चुनावी घोषणापत्रका वाचामा सीमित नराखी ठोस नीतिगत कार्यक्रममार्फत कार्यान्वयन गर्न आवश्यक छ। शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, सीमा व्यवस्थापन, उद्योग, रोजगारी, पूर्वाधार, नागरिक सेवा र युवाको अवसर विस्तारजस्ता विषयलाई विशेष प्राथमिकता दिनुपर्छ। मधेसका युवाले आफ्नो भविष्य काठमाडौंको निर्णयमा निर्भर रहेको होइन, आफ्नै प्रदेशको सम्भावनामा देख्न सक्ने वातावरण बनाउनु नै दीर्घकालीन समाधानको आधार हुनेछ। प्रतिनिधित्वको प्रश्न पनि यहींबाट बलियो बन्छ। सम्मान केवल भाषणबाट होइन, जिम्मेवारी बाँडफाँटबाट स्थापित हुन्छ।

आजको राजनीतिक बहसले अर्को महत्त्वपूर्ण शिक्षा पनि दिएको छ। नयाँ राजनीति केवल नयाँ अनुहारको आगमन होइन। नयाँ राजनीति भनेको पुराना गल्ती दोहोरिन नदिने क्षमता हो। यदि नेतृत्वले आलोचना सुन्ने धैर्य राख्छ, फरक विचारलाई स्थान दिन्छ, शक्ति बाँडफाँटलाई लोकतान्त्रिक बनाउँछ र क्षेत्रीय तथा सामाजिक विविधतालाई आफ्नो संगठनको शक्तिका रूपमा स्वीकार गर्छ भने मात्र नयाँ राजनीतिक संस्कार स्थापित हुन्छ। अन्यथा नयाँ अनुहार भए पनि पुरानै शैली दोहोरिनेछ र जनताको निराशा झन् गहिरो हुनेछ।

सय दिनको समीक्षा अन्तिम फैसला होइन। यो एउटा प्रारम्भिक ऐना हो, जसले उपलब्धिसँगै कमजोरी पनि देखाउँछ। आजको अवस्थामा सरकारसँग अझै सुधार गर्ने पर्याप्त अवसर छ। मधेसबाट उठेका प्रश्नलाई समयमै सम्बोधन गर्न सकियो भने त्यसले पार्टीलाई कमजोर बनाउने होइन, झन् परिपक्व बनाउनेछ। तर यदि असन्तुष्टिलाई व्यक्तिगत महत्वाकांक्षा, क्षेत्रीय दबाब वा अस्थायी असहमतिका रूपमा मात्र बुझेर बेवास्ता गरियो भने त्यसले दीर्घकालीन राजनीतिक क्षति पुर्‍याउन सक्छ। लोकतन्त्रको सुन्दरता नै फरक मतलाई स्थान दिनु हो। फरक मतलाई दबाउने होइन, सुन्ने र सम्बोधन गर्ने संस्कार नै लोकतान्त्रिक परिपक्वताको मापन हो ।

अन्ततः सरकारका सय दिनका उपलब्धि कम छैनन् भन्ने दाबी गर्न सकिन्छ, तर ती उपलब्धिभन्दा ठूलो बहस अहिले प्रतिनिधित्व, समावेशिता र राजनीतिक संस्कारको बनेको छ। उपलब्धिले सरकारलाई केही समय लोकप्रिय बनाउन सक्छ, तर समावेशी व्यवहारले मात्र दीर्घकालीन विश्वास दिलाउँछ। मधेसबाट उठेको असन्तुष्टि कुनै एउटा भूगोलको आवाज मात्र होइन; यो लोकतन्त्रमा सम्मान, सहभागिता र साझेदारीको माग हो। यही मागलाई सरकारले समयमै बुझ्न सक्यो भने सय दिनको समीक्षा भविष्यको सफल यात्राको आधार बन्न सक्छ। यदि बुझ्न सकेन भने सय दिनको उपलब्धिको सूची इतिहासका पानामा सीमित रहनेछ, तर बेवास्ता गरिएका असन्तुष्टिका आवाजहरूले लामो समयसम्म नेपाली राजनीतिलाई पछ्याइरहनेछन् । लोकतन्त्र अन्ततः उपलब्धिको घोषणाले होइन, नागरिकको विश्वासले टिक्ने व्यवस्था हो। त्यो विश्वास जोगाउने जिम्मेवारी सरकार, राजनीतिक दल र नेतृत्व सबैको साझा दायित्व हो। अहिलेको सबैभन्दा ठूलो आवश्यकता पनि यही हो। (झा नेपाल पत्रकार महासंघ रौतहटका पुर्व अध्यक्ष हुन ।)



-प्रेमचन्द्र झा

सूचना । सूचना ।। सूचना ।।।

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं । राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं ।

घरेलु तथा साना उद्योग कार्यालय
जलेश्वर महोत्तरी, मधेश प्रदेश

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मिति : २०८३।०३।२३

कम्पनीको विशेष/बार्षिक साधारण सभाको निर्णय बमोजिमको साविक (**ब्राईट होप ईङ्गलिस बोर्डिङ्ग स्कुल दैलेख**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायत्व आदि परिवर्तित नाम (**बचपन स्मार्ट स्कुल धनुषा**) दर्ता नं. १४१३३५ ले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी (**बचपन स्मार्ट स्कुल धनुषा**) कायम गरिएको छ ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday